# ALL INDIA RADIO GANGTOK

## NEPALI NEWS BULLETINS

BROADCAST 18.40HRS DATE 14.05.2024

**लोक सभा 7 फेस**

लोकसभा चुनाउको सातौं तथा अन्तिम चरणका लागि नाम दर्ता गर्ने आज अन्तिम दिन थियो। यस चरणमा सात राज्य र एक केन्द्रशासित प्रदेशका सन्ताउन्न लोकसभा सीटहरूमा मतदान हुनेछ। उत्तर प्रदेश र पञ्जाबका तेह्र- तेह्र, पश्चिम बंगालका नौ, बिहारका आठ, ओडिसाका छ, हिमाचल प्रदेशका चार, झारखण्डका तीन र केन्द्रशासित प्रदेश चंडीगढको एउटा सीटमा सातौं चरणमा भोट हालिनेछ। नामाङ्कन पत्रहरूको जाँच भोलि गरिनेछ उम्मेदवारहरूले आँउदो शुक्रबारसम्म आफ्नो नाउँ फिर्ता लिन सक्नेछन्। यस चरणका लागि आँउदो महीना पहिलो तारीक मतदान हुनेछ।

**काउन्टिङ ट्रेनिङ पाक्योङ**

यसैवीच पाकिम जिल्लामा मतगणना पर्यवेक्षणकर्ता मतगणना सहायक र सूक्ष्म पर्यवेक्षकहरूका निम्ति मतगणना प्रक्रिया सम्वन्धमा प्रशिक्षण दिने कार्य आजदेखि शुरू भएको छ। पाकिम र्रबन परिसरमा आयोजित पहिलो चरणको प्रशिक्षण कार्यक्रममा बोल्दै जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री टाशी छोपेलले मतगणना अधिकृतहरूसित प्रशिक्षण सत्रमा गणना प्रक्रियाबारे विस्तृत जानकारी लिने र आग्रह गर्नुभयो।

उहाँले भन्नुभयो विधानसभा समष्टिको मतगणना आगामी दुई जूनमा बिहान छ बजीदेखि शुरू हुनेछ भने संसदीय समष्टिको मतगणना चार जूनका दिन बिहान आठ बजीदेखि शुरू गरिनेछ। श्री छोपेलले प्रत्येक ब्याचका लागि तीन चरणमा प्रशिक्षण दिइने कुरो बताउनुभयो। चुनाउ कक्षकी संयुक्त सचिव सुश्री मेरिना राईले इलेक्ट्रोनिङ भोटिङ मशिन इभिएम हरूको जाँच, इभएम गणना, भिभिपेट पर्ची र डाक मतपत्रहरूको गणना र फारम 17 सि भर्ने अनि फारम 13 ए, 13 बि र 13 सी को प्रयोग जस्ता विभिन्न विषयहरूबारे जानकारी दिनुभयो।

**काउन्टिङ ट्रेनिङ मंगन**

अर्कातिर सिक्किमका मुख्य निर्वाचन अधिकारीको निर्देश अनुरूप मंगन जिल्लाको पेन्तोकमा पनि जिल्ला चुनाउ अधिकारी कार्यालय मतगणना पर्यवेक्षाकर्ता, गणना सहायक र सूक्ष्म पर्यवेक्षकहरूका लागि प्रशिक्षण दिने कार्य शुरू गरियो। यसमा बोल्दै जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री हेमकुमार छेत्रीले सबैसित त्रुटिरहित मतगणना सुनिश्चित गर्ने आग्रह गर्नुभयो। आद पहिलो चरणमा बिहान र दिउँसोको सत्र गरी जम्मा एक सय छत्तीस जनाले प्रशिक्षण लिए। जिल्लामा दोस्रो चरणको प्रशिक्षण एक्काइस र वाइस मईमा अनि तेस्रो चरणको प्रशिक्षण उन्तीस मईमा आयोजन गरिनेछ।

**ट्रेनिङ गान्तोक**

यता गान्तोक जिल्ला प्रशासनिक केन्द्रमा विधानसभा क्षेत्र र सिक्किम संसदीय समष्टिको मतगणना कार्यमा संलग्न रहने मतगणना पर्यवेक्षणकर्ता, मतगणना सहायक र सूक्ष्म पर्यावेक्षकहरूलाई दोस्रो चरणको प्रशिक्षण दिइयो। यसमा एक सय आठजना अधिकृतहरूले भाग लिए।

**ए आई ट्रफिक सिस्टम**
राज्यको परिवहन विभागले ट्राफिक व्यवस्थापनलाई आधिनिकीकरण गर्न आर्टिफिसियल इन्टेलिजेन्स ए आई सञ्चालित यातायात प्रवन्धन प्रणाली शुरू गरिरहेछ। यो नयाँ प्रणाली यसै महीना पच्चीस तारीकदेखि लागू हुनेछ। विभागले भनेको छ यस प्रणालीले स्वचालित रूपमा वाहनहरूका दस्तावेजहरूलाई सत्यापन गर्नका साथै यातायात उल्लघंनको पत्तो लगाउनेछ र नियमअनुसार ई चलान जारी गर्नेछ।

सरकारी वाहनहरू लगायत सबै निजी वाहन मालिकहरूलाई आफ्ना सबै दस्तावेजहरू सही राख्नु भनिएको छ। ई- चलानसित सम्वन्धित कुनै पनि मामिला सम्वन्धमा सम्वन्धित जिल्लाका पुलिस अधीक्षक वा क्षेत्रीय परिवहन अधिकारीलाई सम्पर्क गर्न सकिनेछ। सरकारी वाहनहरू लगायत सबै वाहन मालिकहरूलाई आफ्ना सबै दस्तावेजहरू सही राख्नु भनिएको छ। ई- चलान जारी सम्बन्धमा कुनै गड़बड़ी भएमा जिल्लाका सम्वन्धित पुलिस अधीक्षक वा क्षेत्रीय परिवहन अधिकारीलाई सम्पर्क गर्न सकिनेछ।

**वर्कसप**
स्वदेश दर्शन 2.0 अन्तर्गत गान्तोक जिल्लाका निम्ति पर्यटन जागरूकतामाथि दुई दिने लामो कार्यशाला आजदेखि शुरू भएको छ। गान्तोक जिल्ला प्रसाशनसित मिलेर यसको आयोजना पर्यटन तथा नागरिक उड्डायन विभागले गरिरहेछ। कार्यशाला उद्घाटनको अवसरमा बोल्दै पर्यटन विभागका प्रधान सचिव श्री सि एस राव सिक्किम पर्यटनको विकासका निम्ति प्रस्तावित विभिन्न परियोजनाहरूको उल्लेख गर्नुभयो। कार्यशालामा पर्यटनसित सम्वन्धित विभिन्न संघ संस्थानका प्रतिनिधिहरू सहभागी बने।

**मिटिङ राजभवन**
सिक्किममा शिक्षाको सुधारका निम्ति महत्वपूर्ण विषयहरूबारे चर्चा गर्न गान्तोकको राजभवनमा आज एउटा बैठक बस्यो। राज्यपालका सचिव श्री जे  डी भुटियाले यसको अध्यक्ष गर्नुभयो। बैठकमा राज्यको विभिन्न विश्वविद्यालयका कुलपतिहरूले राष्ट्रिय शिक्षा नीति 2020 र शैक्षिक कार्यक्रम विकास जस्ता विषयहरूको उल्लेख गरे। श्री भुटियाले सिक्किमको विकासमा शिक्षाको भूमिका राज्यमा विद्यार्थीहरू नामाङ्कन र रोजगारको सम्मावना बढ़ाउने दिशातर्फ राज्यपालको प्रतिबद्धताबारे अवगत गराउनुभयो।

**ईक्स सर्भिस्मेन र्याली**
भारतको सबैभन्दा पुरानो अर्ध्यसैनिक बल असम राइफल्सले यसै महीना अठार तारीक कालेबुङमा सर्विङ दोज हू सर्वड अस शीर्षकमा पूर्व सैनिकहरूको र्याली आयोजन गर्ने भएको छ। यस कार्यक्रमको उद्देश्य पश्चिम बंगाल, सिक्किम र छिमेकी पूर्वोत्तर राज्यहरूका अनुभवी कर्मीहरूलाई समर्थन दिनु र सम्मानित गर्नु हो। यस अवसरमा मुख्य अतिथिको रूपमा असम राइफल्सका लेफ्टिनेन्ट जेनरल पी सी नायर उपस्थित रहनुहुनेछ। यो र्याली कालेबुङ मुख्यालय सत्ताइस डिभिजनको फुटबल ग्राउण्डमा बिहान दस बजी शुरू हुनेछ। र्याली लगभग तीन घण्टा चल्ने आशा छ।  पूर्व सैनिकहरूलाई यस कार्यक्रममा भाग लिन आमन्त्रित गरिएको छ।

**एनटिए- एडिएमआईटी कार्ड**

संयुक्त विश्वविद्यालय प्रवेश परीक्षा सीयूईटी –यूजी 2024 परीक्षा भोलिदेखि अठार मईसम्म तीन सय उनासी शहरहरूमा हुनेछ। यीमध्ये छब्बीस शहर भारतदेखि बाहिरका छन्। राष्ट्रिय परीक्षा एजेन्सी एनटिए ले हिजो यस परीक्षाको एडमिट कार्ड जारी गर्यो। उम्मेदवारहरूले आफ्नो आवेदन पत्र संख्या र जन्म तिथिको उपयोग गरेर वेवसाईटबाट प्रवेश पत्र डाउनलोड गर्न सक्नेछन्।